बैठक संख्याः६
समयः दिउँसो १:०० बजे
मितिः २०८२/१०/२२ गते
ने सः ११४६ सिलाग्गा ४ बिहिवार
आ.व.२०८२/०८३

आज मिति २०८२ साल माघ महिनाको २२ गते बिहिबारका दिन यस बराहताल गाउँपालिकाका अध्यक्ष **श्री भिम बहादुर भण्डारीको** अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थितिः**

| सि नं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर भण्डारी | अध्यक्ष | |
| २ | श्री लक्ष्मी पुन मगर | उपाध्यक्ष | |
| ३ | श्री बमबहादुर बडुवाल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री भिमबहादुर सावद | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री शेरबहादुर पुन मगर | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री वृषबहादुर सिजापती | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री धिमराज जोल्मी मगर | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | श्री नमराज शर्मा | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री कुल बहादुर बुचा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री केशर बहादुर कार्की | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री युवराज पुलामी मगर | वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री हरिलाल सलामी | वडा अध्यक्ष, वडा नं १० | |
| १३ | श्री डिला सारु | कार्यपालिका सदस्य | |
| १४ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री टिका बि.सी. | कार्यपालिका सदस्य | |
| १६ | श्री यज्ञ वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री जगत सुनार | कार्यपालिका सदस्य | अनुपस्थित |
| १८ | श्री तुलसी गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रेम बहादुर डि.सी. (प्र.प्र.अ.) | सदस्य सचिव | |
| | सहयोगी कर्मचारीहरु | | |
| १ | भुपेन्द्र भण्डारी | बरिष्ट लेखा अधिकृत | |
| २ | गोबिन्द सिजापती | सूचना प्रविधि अधिकृत | |
| ३ | तारा पुन मगर | कार्यालय सहयोगी | |



CamScanner

<u>प्रस्तावहरु</u>।

१. अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा ।
२. संघिय समपुरक अनुदान योजना माग गर्ने सम्बन्धमा
३. संघिय बिषेश अनुदान योजना माग गर्ने सम्बन्धमा।
४. शिक्षा समितिका सदस्यहरु मनोयन गर्ने सम्बन्धमा ।
५. विशेष अनुदानको क्रियाकलाप तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

<u>निर्णय नं १</u> प्रस्ताव नं १ माथी छलफल गर्दा यस गाउँ कार्यपालिकाको यस अघिका बैठकले गरेका निर्णयहरुको समिक्षा तथा गाउँपालिका र वडा कार्यलयबाट हालसम्म भएका काम कारवाहीको समिक्षा गरियो।अधिकांश निर्णयबमोजिमका काम कारवाही भएको र केही निर्णय बमोजिम बाँकी रहेका काम कारवाही यथाशिघ्र सम्पन्न गर्न गाउँ कार्यपालिकाको कार्यालय वडा कार्यालय र सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं २</u> प्रस्ताव नं २ माथी छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८२।०८।२६ गते प्रकाशित सूचना अनुसार यस बराहताल गाउँकार्यपालिकाले आ.ब. २०८३।०८४ मा संञ्चालन गर्नका लागि समपुरक अनुदान सम्बन्धि कार्यविधि, २०८२ बमोजिम राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियो । साथै यसरी छनौट भै आएमा कार्यविधिको दफा ९ तथा अनुसुचि ३ बमोजिम निर्धारित प्रतिशतमा रकम साझेदारी गर्ने प्रतिवद्धता गर्ने निर्णय गरियो ।

तपसिलः

१) वीरेन्द्रनगर डम्पिङ्ग साइट हुदै बड्डिचौर सडक निर्माण, बराहताल १०,८ र ५
२) बराहताल पर्यटकीय क्षेत्र परिसरमा भौतिक पुर्वाधार निर्माण ,बराहताल ४
३) रानिघाट-पाग्मा हुदै छाप्रे देखी सिमलकुना- पञ्चपुरी नगरपालिका सडक निर्माण, बराहताल २,४ र पञ्चपुरी नगरपालिका १०

<u>निर्णय नं ३</u> प्रस्ताव नं ३ माथी छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८२।०८।२६ गते प्रकाशित सूचना अनुसार यस बराहताल गाउँपालिका बाट आ ब २०८३।०८४ मा संञ्चालन गर्नको लागि तपशिल बमोजिमका योजनाहरु बिषेश अनुदान सम्बन्धि कार्यविधि २०८२ बमोजिम राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियो ।

तपसिलः

१) अनाथ बालबालिकाहरुको लागि आवासिय विद्यालय भवन निर्माण, बराहताल गाउँपालिका ४ ।

२) सरस्वती मा वि चेपाङ्ग भवन निर्माण बराहताल गाउँपालिका- ५

३) नेपाल राष्ट्रिय मा.वि. नयाबन भवन निर्माण बराहताल गाउँपालिका-७

निर्णय नं ४ (क) बराहताल गाउँपालिकामा अन्तरगत रहेको शिक्षा समितिमा शिक्षा ऐन २०२८ को दफा ११ ट को ख मा व्यवस्था : बमोजिम गाउँ कार्यपालिकाको सदस्यहरुमध्येबाट तपसिल बमोजिमका सदस्यहरु मनोनित गर्ने निर्णय गरियो ।

तपसिल:

१. हरिमाया कामी (कार्यपालिका सदस्य)

२. तुलसी गुरुङ्ग

(ख) बराहताल गाउँपालिकामा अन्तरगत रहेको शिक्षा समितिमा शिक्षा ऐन २०२८ को दफा ११ ट को (ङ) मा व्यवस्था भए बमोजिम गाउँपालिका भित्र रहेका सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट बाट तपसिल बमोजिमका सदस्यहरु मनोनित गर्ने निर्णय गरियो ।

तपसिल:

१. नारायण सिग्देल, प्रधानाध्यापक श्री जनज्योती माध्यामिक विद्यालय बराहताल- ५ बड्डीचौर सुर्खेत

२. पुष्पा राना, प्रधानाध्यापक, श्री जनज्योती माध्यामिक विद्यालय बराहताल- ५ बड्डीचौर सुर्खेत ।

निर्णय नं ५ माथि छलफल गर्दा यस गाउँपालिकोलाई नेपाल सरकारबाट विशेष अनुदान मार्फत आ व २०८२।०८३ मा कार्यान्वयन हुने प्रविधिमैत्री पूर्वाधार, क्षमता अभिवृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुच समावेशी र गुणंस्तर सुधार परियोजना मार्फत तपसिल बमोजिमका क्रियाकलाप संचालन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क सं | क्रियाकलाप | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | आधारभुत विद्यालयहरुमा एक एक थान कम्प्यूटर र प्रिन्टर बितरण | १५००००० | |
| २ | बिद्यालयहरुमा कक्षा बालविकास देखि कक्षा ३ सम्मका कक्षाकोठाहरुमा बसाइ व्यवस्थापन | २५००००० | |
| ३ | एक बिद्यालय एक स्मार्टबोर्ड बितरण | ३०००००० | |
| ४ | १५ वटा आधारभुत कक्षा १-८ संचालित विद्यालयमा गणित/बिज्ञान प्रयोगशाला निर्माण | ३०००००० | |
| ५ | १० वटा छात्रामैत्री शौचालय निर्माण | ३०००००० | |
| ६ | २० वटा कक्षा कोठा पुनर्निर्माण गर्ने | १०००००० | |
| ७ | शैक्षिक गुणस्तर सुधारका लागि वि व्य स तथा शि अ सं क्षमता विकास तालिम | २००००० | |



CamScanner

| | | | |
|---|---|---|---|
| [illegible] | मागमा आधारित शिक्षक पेशागत बिकास तालिम | ३००००० | |
| [illegible] | प्रधानाध्यापकहरुका लागि नेतृत्व बिकास तालिम | १५०००० | |
| १० | बालबिकास सहजकर्ताहरुको पेशागत बिकास तालिम | ५००००० | |
| ११ | अभिभावक शिक्षा कार्यक्रम | ५००००० | |
| १२ | अनाथ तथा जेहेन्दार बालबालिका शैक्षिक सामाग्री वितरण कार्यक्रम | १५०००० | |
| १३ | सबै माधामिक बिद्यालयहरुमा खेलकुद सामाग्री सहयोग | २००००० | |
| १४ | शैक्षिक सामाग्री निर्माण कार्यक्रम | ५००००० | |
| १५ | सबै माध्यामिक विद्यालयहरुमा इ हाजिरी जडान | | |
| | जम्मा | १,६५,००,००० | |
| | | | |
| | | | |

<u>निर्णय नं ६</u> प्रस्ताव नं ६ माथी छलफल गर्दा यस गाउँपालिकाको सुशासन विकास र सेवा प्रवाह सम्बन्धी तपसिल बमोजिमका विविध निर्णय गरियो ।

<u>तपसिल</u>

(क) बराहताल गाउँपालिकाको कार्यालयमा प्राप्त भएको श्री जितेश निर्माण सेवाले घ वर्गको इजाजत पाउँ भनि आवश्यक कागजात सहित निवेदन पेश गरेकोले बराहताल गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५को दफा ४ बमोजिम उक्त निर्माण सेवालाई घ वर्गको इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

(ख) यस गाउँपालिका र सिप्रेड Skill Up संग कृषि सिकाइ केन्द्र लगायतका क्रियाकलापमा रु ४० हजार रकम संघ संस्था साझेदारी रकमबाट साझेदारी गर्ने निर्णय गरियो ।

(ग) यस बराहताल गाउँपालिका, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा युवा तथा खेलकुद शाखा समेतलाई विपक्षी बनाई सुमित्रा कुमारी खत्रीले सम्मानित सर्वोच्च अदालतमा दायर गरेको रिट नं ०८२-WO-०८२३ को परमादेश रिट निवेदनमा बराहताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, ऐ कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र बराहताल गाउँपालिका अन्तरगत शिक्षा युवा तथा खेलकुद शाखाको तर्फबाट सम्मानित अदालतमा उपस्थित भै लिखित जवाफ पेश गर्न, तारेखमा रहन र अन्य कामकाज गर्न यस गाउँपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री प्रेम बहादुर डि.सी.लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।



CamScanner

(घ) यस गाउँपालिकाका अन्तरगतका तपसिल बमोजिभका नागरिकहरु विभिन्न प्रकोप तथा रोगहरुबाट ग्रसित भै उपचार गराउनुपर्ने भएकोले निजहरुलाई तपसिल बमोजिमको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| सि नं | नामथर | ठेगाना | सहायता प्रदान गर्नुपर्ने कारण | सहायता रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | हरि मल्ल | बराहताल गा पा ४ सुर्खेत | L1 Facture | २५०००।- | |
| २ | जुनपुरा शाही | बराहताल गा पा ४ सुर्खेत | D-6 D-7 Facture | २५०००।- | |
| ३ | धर्मराज उपाध्याय | बराहताल गा पा ३ | चितुवाको आक्रमणमा परि घाइते भएको | २५०००।- | |
| ४ | गंगादेवी भट्ट | बराहताल गा पा ३ | चितुवाको आक्रमणमा परि घाइते भएको | २५०००।- | |
| ५ | शेर बहादुर लामिछाने | बराहताल गाउँपालिका ७ | बाढीमा बगेर मृत्यू भएको | २५०००।- | निजको हकवाला श्रीमतीलाई भुक्तानी दिने । |



CS CamScanner